लोक सेवा आयोग

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, कृषि, वन, **इन्जिनियरिङ्ग (माइनिङ्ग इन्जिनियरिङ समूह**), शिक्षा र विविध सेवाका सबै समूह /उपसमूहका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव वा सो सरह पद) को खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रमलाई दुई चरणमा विभाजन गरिएको छ ।

प्रथम चरण - लिखित परीक्षा पूर्णाङ्क : २००

द्वितीय चरण - अन्तर्वार्ता पूर्णाङ्क : ३०

## **परीक्षा योजना** (Examination Scheme)

| पत्र | विषय | खण्ड | प्रश्न संख्या | अङ्क भार | परीक्षा प्रणाली | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन र विकास र सेवा सम्बन्धी सामान्य विषय | (क) प्रशासन र विकास | १० | १०×५=५० | छोटो छोटो उत्तर | १ घण्टा ३० मिनेट | ५० | ४० |
| | | (ख) सेवा सम्बन्धी सामान्य विषय | ५ | ५×१०=५० | लामो उत्तर | १ घण्टा ३० मिनेट | ५० | |
| द्वितीय | सेवा सम्बन्धी प्राविधिक विषय | | ४ | ४×१५=६० | विश्लेषणात्मक समीक्षा | ३ घण्टा | १०० | ४० |
| | | | २ | २×२०=४० | विश्लेषणात्मक र समाधानमूलक उत्तर | | | |

द्रष्टव्य :

१. माथि उल्लिखित सबै सेवा वा सेवा अन्तर्गतका समूह/उपसमूहहरुको पाठ्यक्रमको **प्रथम पत्र खण्ड (क)** को विषयवस्तु एउटै हुनेछ ।

२. **प्रथम पत्र खण्ड (क)** को लिखित परीक्षा सेवागत रुपमा अर्थात् एउटा सेवा अन्तर्गतका समूह/उपसमूहका लागि संयुक्त रुपमा एउटै प्रश्नपत्रवाट एकैदिन वा छुट्टाछुट्टै प्रश्नपत्रवाट छुट्टाछुट्टै दिन पनि हुन सक्नेछ भने **प्रथम पत्र खण्ड (ख)** को परीक्षा समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रवाट हुनेछ । यसैगरी द्वितीय पत्रको परीक्षा पनि समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रबाट हुनेछ ।

३. **प्रथम पत्र खण्ड (क)** को लागि एउटा मात्र उत्तरपुस्तिका हुनेछ भने **प्रथम पत्र खण्ड (ख)** र **द्वितीय पत्रका** प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् ।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

५. यथासम्भव प्रश्नहरु नेपालको सन्दर्भमा सोधिने छन् ।

६. समस्या समाधानको उत्तर आवश्यकता अनुसार निम्नानुसार चार भागमा विभाजन गरी प्रस्तुत गर्नु पर्नेछः-

   (क) पहिलो भागमा समस्याको पहिचान

   (ख) दोस्रो भागमा समस्या समाधानको लागि मौजुदा सरकारी नीति र कार्यक्रम

   (ग) तेस्रो भागमा समस्या समाधानको लागि सुझाव

   (घ) चौथो भागमा सुझाव कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ठोस तरिका

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई ) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

८. प्रथम चरणको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

९. **पाठ्यक्रम लागु मितिः २०६६/९/२० गते (प्रथम पत्र खण्ड (ख) अद्यावधिक मिति २०७८/०६/१८ गते)**

**प्रथमपत्र खण्ड (क) प्रशासन र व्यवस्थापन** **अङ्क – ५०**

**१. राज्य र सरकार**

१.१ व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीचको अन्तरसम्बन्ध
१.२ सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
१.३ नेपालको वर्तमान संविधान

**२. सार्वजनिक प्रशासन**

२.१ सार्वजनिक प्रशासनको अवधारणा
२.२ कर्मचारी प्रशासनका आधारभूत पक्षहरु
२.३ आर्थिक प्रशासन- बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

**३. व्यवस्थापन**

३.१ व्यवस्थापनको अवधारणा
३.२ व्यवस्थापनमा नेतृत्व, उत्प्रेरणा, नियन्त्रण र समन्वयको महत्व
३.३ व्यवस्थापन सूचना प्रणाली

**४. विकासका आयामहरु**

४.१ विकास प्रशासनको अवधारणा
४.२ विकासमा जनसहभागिता
४.३ आवधिक योजना
४.४ दिगो विकास
४.५ विकेन्द्रीकरण
४.६ गरीबी निवारण
४.७ सुशासन
४.८ विकासमा गैरसरकारी संस्थाको भूमिका
४.९ जनसंख्या र बसाँईसराई

**५. लोकतन्त्र र मानव अधिकार**

५.१ लोकतन्त्र र समावेशीकरण
५.२ कानुनी राज्य
५.३ मानव अधिकार
५.४ लैंगिक सवाल (Gender Issues)
५.५ आरक्षण र सकारात्मक विभेद
५.६ प्रतिनिधित्वको सिद्धान्त र समानुपातिक प्रतिनिधित्व

**६. नेपाली समाज र यसको बनोट**

६.१ नेपालका विविध जात/जाति/वर्ग/समुदायहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक अवस्था र रहनसहन
६.२ आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र महिलाहरुको वर्तमान अवस्था, उत्थानका प्रयासहरु, समस्या, समाधान र सम्भावनाहरु ।

........

**प्रथम पत्र :- खण्ड ख सेवा सम्बन्धी सामान्य विषय** **अङ्क :- ५०**

## १. सेवा सम्बन्धी

१.१ निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०
१.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७
१.३ नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५
१.४ नेपाल इन्जिनियरिङ्ग सेवा, समूह तथा श्रेणी विभाजन र नियुक्ति गठन नियमावली, २०५१

## २. खानी, खनिज तथा पेट्रोलियम पदार्थ सम्बन्धी ऐन तथा नियमहरु

२.१ खानी सर्भेक्षण र भत्ता तथा सुविधा नियमहरु, २०२४
२.२ खानी तथा खनिज पदार्थ ऐन, २०४२
२.३ खानी तथा खनिज पदार्थ नियमावली, २०५६
२.४ नेपाल पेट्रोलियम ऐन, २०४० र पेट्रोलियम नियमावली, २०४१
२.५ पेट्रोलियम उद्योग आयकर नियमावली, २०४१
२.६ राष्ट्रिय खनिज नीति, २०७४

## ३. खानी तथा खनिज सम्बन्धी अन्य नियमहरु (खनिज पदार्थ सम्बन्धी महल मात्र)

३.१ वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७
३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३.३ वन ऐन २०७६ र वन नियमावली
३.४ औद्योगिक व्यवसाय ऐन, २०७६
३.५ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५
३.६ रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७